नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा
विशेष मनसुन बुलेटिन - ५
( Special Weather Bulletin for Monsoon 2022 - 5 )
(जारी मितिः २०७९/०३/१३ समयः बिहान ८:०० बजे)

यस वर्षको मनसुन प्रणाली मिति २०७९/०२/२२ मा नेपालको प्रदेश नं १ मा आगमन भई मिति २०७९/०३/१२ गते सम्म आइपुग्दा सुदुर पश्चिम प्रदेशमा प्रवेश गरे संगै देशभरी मनसुनी वायुको प्रभाव थप सक्रिय भएको छ। साथै मंगलवार देखि बिहिवार सम्म मनसुनको न्यून चापीय रेखा नेपालको तराई भू-भाग नजिक आईपुग्ने संभावना रहेकोले मनसुन थप सक्रिय हुने देखिएको छ।

यसको प्रभावले गर्दा मंगलवार देखि बिहिवार सम्म देशभर सामान्य देखि पूर्णतया बदली रही मंगलबार देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा/झरी भई प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका तराई तथा पहाडी भूभागका र मधेश प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

मंगलबार राती देखि बुधबार प्रदेश नं १, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी धेरै स्थानहरुमा मध्यम वर्षा/झरी भई केही स्थानहरुमा भारी बर्षा र थोरैस्थानहरुम धेरै-भारी वर्षाको सम्भावना रहेको छ । सदुर-पश्चिम प्रदेशका अधिकाशं स्थानहरुमा हल्का देखि मध्यम वर्षा/झरी भई यस प्रदेशका तराई भूभागका थोरै स्थानहरुमा भारी बर्षाको समेत संभावना रहेको छ। कर्णाली प्रदेशका अधिकाशं स्थानहरुमा हल्का देखि मध्यम वर्षा/झरी भई एक-दुई स्थानमा भारी बर्षाको समेत संभावना रहेको छ।

बिहिवार गण्डकी, लुम्बिनी र सुदुर पश्चिम प्रदेशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा/झरी र थोरै स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ । बांकी प्रदेशहरुमा हल्का देखि मध्यम वर्षा हुने संभावना रहेको छ।

तसर्थ मंगलबार देखि बिहिबार सम्म देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरुमा अनुरोध छ ।

यस मनसुनी प्रणालीलाई मौसम पूर्वानुमान महाशाखाले निरन्तर अनुगमन गरिरहेको छ र सोही अनुसार नियमित रूपमा अद्यावधिक गर्दै जानेछ। तसर्थ सबैलाई अद्यावधिक मौसमी सुचनाको जानकारी लिन हुन र यस महाशाखाबाट जारी हुने तीन दिने मौसम बुलेटिन दैनिक हेर्न हुन अनुरोध छ ।

मौसम सम्बन्धि थप जानकारीका लागि सम्पर्क राख्नुहोलाः
मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं
फोनः ०१-४४८६८६९, ०१-४११३१९१
नोटिस बोर्डः १६१८-०७०७-३३३३
Facebook: www.facebook.com/dhmweather
Twitter: www.twitter.com/dhm_weather